# चन्द्रकोट गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

# (Revenue Improvement Action Plan)

**गाउँ कार्यपालिकाको कार्यालय**

**शान्तिपुर, गुल्मी, लुम्बिनी प्रदेश**

**२०७८**

## दस्तावेज/प्रतिवेदन

| | |
|---|---|
| दस्तावेज : | चन्द्रकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना |
| सहयोग | लुम्बिनि प्रदेश प्रशिक्षण प्रतिष्ठान |
| परामर्शदाता : | एडभान्स रिसर्च ट्रनिङ एण्ड कन्सल्टेनसी प्रा.लि., काठमाडौं |
| मिति : | २०७८ |


## कृतज्ञता ज्ञापन

चन्द्रकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिका अध्यक्ष श्री द्रोण बहादुर खत्री, उपाध्यक्ष श्री राधिका अर्याल, प्रमुख प्रशासकीय अधिकृत श्री ईन्द्र बहादुर क्षेत्री तथा कार्यपालिका सदस्यहरू, कर्मचारी वर्गहरू, उद्योगी व्यापारी तथा समाजसेवी लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

**एडभान्स रिसर्च ट्रेनिङ एण्ड कन्सल्टेनसी प्रा.लि., काठमाडौं**

## विषय सुची

**परिच्छेद -एकः परिचय**
१.१ पृष्ठभुमी पृष्ठ ४
१.२ औचित्य पृष्ठ ४
१.३ उदेश्यहरु पृष्ठ ५
१.४ विधि तथा प्रकृयाहरु पृष्ठ ६
१.५ सीमाहरु पृष्ठ ७
**परिच्छेद -दुईः गाउँपालिकाको संक्षिप्त परिचय**
२.१ संक्षिप्त परिचय पृष्ठ ८
२.२ मानव संसाधनको अवस्था पृष्ठ ८
२.३ भौतिक अवस्था पृष्ठ ८
**परिच्छेद -तीनः स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाव्यता**
३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था पृष्ठ ९
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था पृष्ठ १२
**३.३ आन्तरिक राजश्व संकलनका प्रमुख क्षेत्र तथा सम्भावना विश्लेषण**
३.३.१ कर राजश्व पृष्ठ १३
३.३.२ गैर कर राजश्व पृष्ठ १८
**परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था**
४.१ राजश्व परिचालन सम्बन्धी नीति पृष्ठ २०
४.२ आय संकलनको संस्थागत क्षमता पृष्ठ २१
४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन पृष्ठ २२
४.४ राजश्व परिचालनमा रहेका सवालहरु पृष्ठ २२
**परिच्छेद – पाँच : राजश्व सुधार कार्ययोजना**
५.१ गाउँ/नगरपालिकाको राजश्व सुधार कार्ययोजना पृष्ठ २४
**परिच्छेद – छ : आगामी तीन बर्षको आय प्रक्षेपण**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण पृष्ठ ३०
६.२ गाउँ/नगरपालिकाको आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपण पृष्ठ ३२
**परिच्छेद – सातः अपेक्षित नतिजा** पृष्ठ ३३
**परिच्छेद – आठः अनुगमन तथा मूल्यांकन** पृष्ठ ३४

**अनुसूचीहरु**

अनुसुची १: सन्दर्भ सामाग्री अध्ययन तथा संकलन
अनुसुची २: तथ्यांक तथा सुचना संकलन फाराम
अनुसुची ३: प्रारम्भिक बैठक तथा अभिमुखीकरणको उपस्थिति विवरण
अनुसुची ४: मस्यौदा प्रतिवेदन माथि छलफल कार्यशालाको उपस्थिति विवरण
अनुसुची ५: राजश्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी अन्तिम कार्यशाला गोष्ठीको उपस्थिति विवरण
अनुसुची ६: गाउँपालिकको आर्थिक ऐन २०७८

# परिच्छेद एक–परिचय

## १.१ पृष्ठभूमि

बि.सं १९७६ देखि शुरु भएको नेपालको विकेन्द्रीकरणको प्रकृयाले स्थानीय तहलाई क्रमिकरुपमा मजभूत गराउदै आएको देखिन्छ । नेपालको संविधान २०१९ मा विकेन्द्रीकरण सम्बन्धी कतिपय कुराहरू समावेश गरिएका थिए भने त्यसपछि पनि समय समयमा विकेन्द्रीकरण सम्बन्धी विभिन्न उच्चस्तरीय आयोगहरु गठन भै प्रतिवेदनहरु पेश गरेको र सुझाव कार्यान्वयका लागि विभिन्न प्रयाशहरु समेत हुँदै आएको पाइन्छ । यसै सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन २०५५ लाई नेपालमा विकेन्द्रीकरण र स्वायत्त शासन पद्धतिको संस्थागत विकासमा सबैभन्दा महत्वपूर्ण कोषेढुङ्गाको रुपमा लिने गरिएको छ । यसै कानूनी व्यबस्था अनुरुप विगतमा गाउँ विकास समिति तथा गाउँपालिकाहरुले कानूनद्वारा तोकिएका जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनका लागि नेपाल सरकारबाट प्राप्त गर्ने अनुदानसँगै विभिन्न कर तथा सेवाशुल्क र दस्तुरहरु उठाउने अधिकारको उपयोग समेत गरि आएका हुन् ।

नेपालका स्थानीय निकायहरुले राजस्व अधिकारको उपयोग विगत लामो समयदेखि गर्दै आएको भए पनि केही पुराना गाउँपालिकाहरु बाहेक अधिकांशको आन्तरिक स्रोत परिचालन अवस्था कमजोर देखिन्छ । आ.ब. २०७१/७२ मा गाउँ विकास समिति, गाउँपालिका र जिल्ला विकास समितिहरुले राजस्व बाँडफाँड समेत गरी जम्मा रु ११ अर्व १५ करोड ३५ लाख ५२ हजार आन्तरिक आय प्राप्त गरेकोमा आ.ब. २०७२/७३ मा (गाविस बाहेक) रु. ११ अर्ब ६ करोड ७३ लाख ९६ हजार मात्र आन्तरिक स्रोत (राजस्व वाँडफाँट सहित) परिचालन गरेको देखिन्छ । त्यसबखत कायम रहेका २१७ गाउँपालिकाहरुको मात्र तथ्यांक विश्लेषण गर्दा गाउँपालिकाहरुको कूल बार्षिक आयमा आन्तरिक आयको योगदान ३३.४२०० रहेको थियो ।

संघीय लोकतान्त्रिक व्यवस्थातर्फको रुपमान्तरण सहित संवैधानिक रुपमा स्थानीय सरकारको दर्जा पाएका गाउँपालिका तथा गाउँपालिकाले विगत पाँच वर्षमा परिचालन गरेको आन्तरिक राजस्वको अवस्था उत्साहजनक देखिदैन । आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिका र गाउँपालिकाले कर तथा गैरकर बापत (राजस्व बाँडफाँड बाहेक) १४ अर्ब २४ करोड १ लाख ४० हजार प्राप्त गरेका छन् । उक्त रकममध्ये गाउँपालिकाहरुको हिस्सा करिब १२ प्रतिशत मात्र रहेको छ भने गाउँपालिकाहरुमा करको तुलनामा गैरकरको हिस्सा बढी छ । स्थानीय तहको राजस्व परिचालन क्षमतामा विगतको तुलनामा सुधार हुदै गएको भएता हाल स्थानीय तहको कूल आयमा कर तथा गैर करको हिस्सा औषतमा ५.६६ प्रतिशत मात्र रहेको देखिएको छ भने अधिकांश गाउँपालिकाको आन्तरिक राजस्वको अवस्था दयनिय छ ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने क्रममा सबैभन्दा पहिले भौतिक पूर्वाधार विकास हुन जरुरी छ। तर यसका लागि स्थानीय तहले पर्याप्त आर्थिक स्रोत व्यवस्थापन गर्नुपर्छ। स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६९ (२) मा उल्लेख भए अनुसार स्थानीय तह आफैंले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, कुनै व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम स्थानीय तहका आयस्रोत हुन सक्छन।

यस्तै राष्ट्रिय प्राथमिकताका आधारमा स्थानीय सरकारकालागि नेपाल सरकारले विदेशी सरकार, निकाय, संघ-संस्था वा व्यक्तिबाट लिएको वैदेशिक सहायताबाट उपलब्ध गराएको रकम, अन्य स्थानीय सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, आन्तरिक ऋणबाट प्राप्त रकम तथा स्थानीय तहलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम पनि स्थानीय तहको आयस्रोत हुन सक्छ। तर स्थानीय तह आफैंले सङ्कलन गर्न सकेको आय वा राजस्व रकमका आधारमै स्थानीय तहमा दिगो विकासको सम्भावनाको आँकलन गर्न सकिने भएकाले सबै पालिकाले आन्तरिक आयस्रोत सङ्कलनमै विशेष ध्यान दिन जरुरी छ। बाह्य आयलाई संघीय सरकार वा प्रदेश सरकारले निर्धारण गरे बमोजिमको क्षेत्र एवं कार्यक्रम वा शीर्षकमा तोकिएको सर्त वा मापदण्ड पूरा गरेर मात्र खर्च गर्नुपर्ने भएकाले स्थानीय तहलाई आन्तरिक आय प्रयोगको तुलनामा बाह्य आयको प्रयोग त्यति सहज नहुन सक्छ।

स्थानीय सरकार सञ्चालन ऐन- २०७४ को परिच्छेद ९ (दफा ५५-६२) मा उल्लेख भए अनुसार पालिकाले सम्पत्ति कर र घरजग्गा कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर तथा बिभिन्न प्रकारका सेवा शुल्क शीर्षकहरूबाट आय सङ्कलन गर्नसक्ने देखिए पनि सबै स्रोत समान रूपमा बिभिन्न दृष्टिकोणले सम्भाव्य नहुन सक्छ। कर तथा गैरकर दुवै स्थानीय तहका आफ्नै आयस्रोत हुन तापनि यसको सङ्कलनमा प्रभावकारिता ल्याउन स्थानीय तहकै आन्तरिक प्रशासनिक क्षमता बढाउनुपर्ने हुनसक्छ।

कर प्रगतिशील विशेषता र सङ्कलन सम्भाव्य हुँदैमा स्थानीय तह सबल एवं सक्षम हुने होइन। स्थानीय स्रोत सङ्कलनमा सक्षम बनेमात्र स्थानीय तहको सबलता प्रमाणित हुनसक्छ। यसका लागि एकातर्फ सबै करदाताको तथ्याङ्क सहितको अभिलेख व्यवस्थापन गरी त्यो अभिलेखलाई समय-सापेक्ष परिमार्जन गर्न जरुरी छ भने अर्कोतर्फ सङ्कलित करको प्रयोगमा करदाता सन्तुष्ट हुनुपर्छ अर्थात् सङ्कलित स्रोतलाई पारदर्शी तरिकाले खर्च गर्नुपर्छ। स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन- २०७४ ले नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने धेरै अधिकार निक्षेपण गरेको छ। स्थानीय तहले पारदर्शी तरिकाले आफ्ना क्रियाकलाप अगाडि बढाए मात्र सबै नागरिकलाई करको दायरामा ल्याउन सजिलो पर्छ। स्थानीय तहमा गरिने क्रियाकलापको पारदर्शिताले जनमानसमा सकारात्मक प्रभाव पर्ने भएकोले सम्भव भएसम्म प्रतिनिधिमूलक तरिकाबाटै भए पनि विकास निर्माणका क्रियाकलापमा करदातालाई निर्णय प्रक्रियादेखि कार्यान्वयन तहसम्म संलग्न गराउन सके कामको गुणस्तर कायम गर्न र आयस्रोत सङ्कलन गर्न सहज हुनसक्छ।

राजस्व सुधार कार्ययोजनाको मुल भूत विशेषता भनेकै गाउँपालिकाको आन्तरिक व्यवस्थापनलाई व्यवस्थित वनाई जनता र स्थानीय सरकारवीच सुमधुर सम्वन्ध कायम गरी राजस्व अभिवृद्धिमा टेवा पुर्‍याउनु हो । प्रस्तुत राजस्व सुधार कार्ययोजना त्यही सैद्धान्तिक अवधारणामा केन्द्रित छ ।

## १.३ योजनाले राखेका उदेश्यहरु

यस अध्ययनको समग्र उदेश्य चन्द्रकोट गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका संभावनाहरुको विश्लेषण गरी प्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु हो । यस उदेश्य प्राप्तिका लागि देहाय अनुसारका सहायक उदेश्यहरु निर्धारण गरिएको छ ।

- प्रचलित कानूनको भावना र उदेश्य अनुसार चन्द्रकोट गाउँपालिकाको वर्तमान राजस्व प्रशासन सम्बन्धी नीति, कार्यक्रमहरु तथा कार्यान्वयन तौरतरिकाहरुको वस्तुनिष्ठ समीक्षा गर्ने ।
- राजस्व सुधार कार्ययोजनाको आवश्यकता र महत्वबारे चन्द्रकोट गाउँपालिकाका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने ।

- चन्द्रकोट गाउँपालिकाको वर्तमान राजस्व प्रशासनसम्बन्धी नीति, कार्यक्रम तथा राजस्व दरवन्दी सम्बन्धमा सरोकारवालाहरुको धारणाको पृष्ठभूमिमा आवश्यक परिमार्जनका लागि सिफारिस गर्ने ।
- आधुनिक राजस्व प्रशासनसँग सम्बन्धित सैद्धान्तिक तथा व्यवहारिक पक्षहरुको पृष्ठभूमिमा नयाँ नयाँ क्षेत्रहरुको पहिचान, विद्यमान राजस्व प्रशासनलाई करदातामैत्री बनाउन आवश्यक नीति, कार्यक्रम सहित आगामी आ.व.२०७८।०८९ लागि आन्तरिक आय सम्बन्धी अनुमानमा संसोधन सहित आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण तथा सुधार कार्ययोजना सिफारिस गर्ने ।
- चन्द्रकोट गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- चन्द्रकोट गाउँपालिकाको राजस्व प्रक्षेपण, बजेट अनुमान तथा सूचना प्रणालीमा सहयोग गर्ने ।

## १.४ योजना तर्जुमा विधि र प्रकिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि राजस्वसँग सम्बन्धित विविध सामग्रीहरूको डेस्क अध्ययन, राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको निर्माण, तथ्याङ्क संकलन तथा विश्लेषण, कार्ययोजना तर्जुमाकालागि सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । यस अध्ययनका क्रममा अवलम्वन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### १.३.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता विज्ञहरुबाट विभिन्न स्रोतबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### १.३.२ प्रारम्भिक बैठक तथा अभिमुखीकरण

चन्द्रकोट गाउँपालिकाको आयोजनामा २०७८ साल फाल्गुण १६ र १७ गते राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयारीका लागि प्रारम्भिक बैठक तथा अभिमुखीकरणको आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी गाउँपालिका अध्यक्ष श्री द्रोण बहादुर खत्रीको अध्यक्षतामा उपाध्यक्ष, नि. प्रमुख प्रशासकीय अधिकृत, गाउँकार्यपालिका सदस्यहरु, वडा अध्यक्ष ज्युहरु राजस्व परामर्श समितिका सदस्यहरु, गाउँपालिकाको कर्मचारी वर्गहरु तथा उद्योगी व्यापारीहरु गरी जम्मा २८ जनाको उपस्थिति रहेको थियो । *उक्त अभिमुखीकरण कार्यक्रममा करदाता प्रतिनिधित्व स्वरुप उद्योग वाणिज्य संघ शान्तिपुर शाखाका अध्यक्षको समेत उपस्थिति रहेको थियो । जसमा गाउँपालिका अध्यक्षको अध्यक्षतामा ५ सदस्यीय राजस्व सुधार योजना तयारी तथा कार्यान्वयन कार्यदल गठन गरिएको थियो ।* उपस्थितिको विवरण **अनुसुचि ३** मा रहेको छ साथै विस्तृत जानकारीका लागि हेर्नुहोस http://103.69.126.169/en/trainees/apply

### १.३.३ तथ्याङ्क संकलन

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात परामर्शदाताहरूबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा गाउँपालिकाका कर्मचारीहरुको समन्वयमा निम्न क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरियो :

- गत वर्ष तथा चालु वर्ष चैत्र मसान्तसम्मको यथार्थ आय विवरण ।
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण ।
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना ।

- चालु वर्षको आर्थिक ऐन तथा नीति तथा कार्यक्रम र बजेट ।
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण ।

### १.३.४ मस्यौदा प्रतिवेदनमा छलफल कार्यशाला

अभिमुखीकरण तथा समुह छलफलबाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकाका लागि तयार गरिएको राजस्व सुधार कार्य योजनाको मस्यौदा प्रतिवेदन माथि छलफल कार्यशाला २०७८ साल चैत्र २६ गते आयोजना गरिएको थियो । ११ जना कार्यपालिका सदस्य तथा तथा विषयगत कर्मचारीहरुको उपस्थितिमा भएको छलफल कार्यशालामा राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव प्रदान गरिएको थियो । उपस्थितिको विवरण **अनुसुचि ४** मा दिइएको छ । साथै विस्तृत जानकारीका लागि हेर्नुहोस http://103.69.126.169/en/trainees/apply

### १.३.५ अन्तिम कार्यशाला गोष्ठीको आयोजना

चन्द्रकोट गाउँपालिकाको आयोजनामा सम्झौता समयावधि भन्दा अगावै मस्यौदा प्रतिवेदन प्रस्तुति गर्दै प्रतिवेदनलाई अन्तिम प्रारुप दिन तथा राजस्व परामर्श समितिलाई थप प्रभावकारी बनाउने उपायहरुमाथी छलफलका लागि २०७९ साल वैशाख २१ गते कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी प्रमुख प्रशासकीय अधिकृत ईन्द्र बहादुर क्षेत्रीको अध्यक्षतामा सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा ११ जना गाउँपालिकाका शाखा प्रमुखहरु तथा अन्य कर्मचारीहरुको उपस्थितिमा सम्पन्न गरिएको थियो । प्रस्तुतीका विषयवस्तुहरूमा विस्तृत रुपमा छलफल भएको थियो र सहभागीहरूबाट प्राप्त सुझावहरू संकलन गर्दै कार्यशाला सम्पन्न गरिएको थियो । कार्यक्रममा सहभागीहरूको विवरण **अनुसूची ५** मा दिइएको छ । साथै विस्तृत जानकारीका लागि हेर्नुहोस http://103.69.126.169/en/trainees/apply

### १.३.६ प्रतिवेदनको अन्तिम रुप

कार्यशालाबाट प्राप्त सुझावलाई संग्रहित गरी चन्द्रकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन गाउँकार्यपालिकामा पेश गरियो ।

## १.४ योजनाका सीमाहरु

चन्द्रकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, विगतका वर्षहरूको पर्याप्त सूचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सिमाहरू देहाय अनुसारका रहेका छन् । यो प्रतिवेदन प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ । यसको अलावा अध्ययन तथा विश्लेषण कार्य चन्द्रकोट गाउँपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- चन्द्रकोट गाउँपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उदेश्यका लागि तयार पारिएको तथ्याङ्क संकलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।
- चन्द्रकोट गाउँपालिकामा भएको अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्बन्धी तथ्याङ्कहरू संकलन गरिएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद दुई–चन्द्रकोट गाउँपालिकाको संक्षिप्त परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

लुम्बिनी प्रदेशको गुल्मी जिल्लामा अवस्थित यस चन्द्रकोट गाउँपालिकाको पूर्वमा गुल्मी जिल्लाकै कालीगण्डकी गाउँपालिका, पश्चिममा सत्यवती गाउँपालिका र छत्रकोट गाउँपालिका, उत्तरमा बागलुङ जिल्लाको बहरेङ गाउँपालिका र दक्षिणमा गुल्मी जिल्लाकै मुसिकोट नगरपालिका र गुल्मी दरबार गाउँपालिका पर्दछन । यस गाउँपालिकाको क्षेत्रफल १०५.७३ वर्ग की.मि. रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक परिणाम अनुसार चन्द्रकोट गाउँपालिकाको घरधुरी ४७३२ तथा परिवार संख्या ५१४८ तथा कुल जनसंख्या १८७५१ रहेको छ, जसमा १०,१४६ महिला तथा ८६०५ पुरुष रहेका छन् । नेपाल सरकारको मिति २०७३ फागुन २७ मा प्रकाशित राजपत्र अनुसार साविक दिव्रुङ्ग, बिशुखर्क, हराचौर, शान्तिपुर, ग्वाघा, हरेवा, रूपाकोट र तुराङ्ग गा.वि.स. गरि ८ वटा गा.वि.स. मिलि बनेको यस गाउँपालिकालाई ८ वटा वडामा विभाजन गरिएको छ। चन्द्रकोट गाउँपालिकाको कार्यालय साविक शान्तिपुर गा.वि.स. हाल चन्द्रकोट-४ शान्तिपुर स्थित चन्द्रकोट क्याम्पसको नयाँ भवनमा अवस्थीत छ ।

समुन्द्र सतहदेखि ११०५ मी. उचाईमा रहेको यस गाउँपालिकामा उष्ण किसिमको हावापानी रहेको छ । यस गाउँपालिकाका मुख्य खोला/नदीहरुमा हुग्दीखोला, बडिगाड तथा खहरेखोला रहेका छन् । प्रसिद्ध चन्द्रकोट, दिव्रुङ्ग, चक्रेश्वर जस्ता एतिहासिक एवम धार्मिक पहिचान बोकेको र टिमुरे ताल, दह ताल, अर्जेवाको प्राकृतिक झरना साथ साथै थुप्रै नदीनाला, वनजंगल, प्राकृतिक सम्पदा, हुग्दी खोला हाइड्रोपावर विकासका परियोजना जस्ता सौन्दर्यले भरपूर, पर्यटकीय विकासको अथाहा सम्भावना रहेको छ । यस गाउँपालिकाको नामकरण प्रशिद्ध एतिहासिक स्थल चन्द्रकोटको नामबाट गरिएकोए हो । यस गाउँपालिकामा  मुख्यतया ब्राहम्ण, क्षेत्री, मगर, नेवार, गुरुङ, विश्वकर्मा र कुमाल जात जातीहरुको बसोवास रहेको छ । यहाँ बसोबास गर्ने समुदायको मुख्य आम्दानीको स्रोतहरु कृषि, पशुपालन, बैदेसिक रोजगार र व्यापार रहेको पाईन्छ ।

## २.२ गाउँपालिकाको मानव संसाधनको अवस्था

यस गाउँकार्यपालिकामा ४० जना कर्मचारीहरु कार्यरत रहेका छन् । यहाँ स्वास्थ्य, लेखा, शिक्षा, प्रशासन, पूर्वाधार विकास, सूचना प्रविधि, रोजगार, कृषि, लेखा तथा आन्तरिक लेखा परिक्षण गरि १०वटा शाखा रहेका छन् ।

## २.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

भौतिक सम्पत्तिको रुपमा यस गाउँपालिकासँग  आफ्नो स्वामित्वमा ४३ रोपनी जग्गा, ७ कच्ची तथा एउटा पक्की अवस्थाका वडा भवन ४ वटा पक्की  तथा ४ वटा कच्ची, ७ वटा स्वास्थ्य चौकी स्वास्थ्य इकाई कच्ची, चारपांग्रे सवारी साधन, ट्र्याक्टर तथा मोटरसाईकल रहेका छन् ।

## परिच्छेद तीन–राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृतमा विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण पश्चात पहिचान गरिएका सवालहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ ।

### ३.१ गाउँपालिकाको राजस्व अधिकार सम्वन्धी संवैधानीक तथा कानूनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- भूमीकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर ( मनोरञ्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा गाउँपालिकाको एकल अधिकारः**

**अ) कर**

- सम्पत्ति करः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले ओगटेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । ( आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)
- भूमि कर (मालपोत): आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । (आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)
- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी करः टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- बहाल बिटौरी शुल्कः आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ्शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायकोसेवामा□खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- **दर्ता, अनुमति तथा नवीकरण दस्तुरः**
  - एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग

- **नक्सा पास दस्तुर**
- **पञ्जीकरण व्यवस्थापन दस्तुर**
- **वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर**

**उ) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४):**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन्रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहकोपत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- ✓ सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने
- ✓ घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँपालिकाले उठाउने ।
- ✓ मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने
- ✓ विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने (ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
- ✓ प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।
- ✓ प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने ।
- ✓ आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने ।
- ✓ प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेकोआधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट हुने ।

**(घ) वैदेशिक सहायतता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमतिमा मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने ।

## ३.२ गाउँपालिकाको आन्तरिक आयका परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

**तालिका १: आन्तरिक आयका परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| | सम्पत्ति कर | भएको | नभएको | नभएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, ई-रिक्सा) | भएको | भएको | भएको |
| | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| | व्यवसाय कर | भएको | भएको | भएको |
| | जडिबुटी, **कवाडी** र जीवजन्तु कर | भएको | भएको | भएको |
| ख. | **अन्य राजस्व** | भएको | भएको | भएको |
| | **ढुङ्गा, गिट्टी, वालुवा**, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | भएको | भएको | भएको |
| | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| | व्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| | वहाल विटौरी शुल्क | भएको | भएको | भएको |

| | | | | |
|---|---|---|---|---|
| | पार्किङ्ग शुल्क | भएको | नभएको | नभएको |
| | अस्पताल सञ्चालन | भएको | नभएको | भएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | भएको | भएको | भएको |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | भएको | नभएको | नभएको |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडकवत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, **पर्यटकिय स्थल**, **हाटवजार**, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) | भएको | नभएको | नभएको |
| | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | भएको | भएको | भएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | छैन | भएको |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| | दण्ड जरिवाना | छैन | छैन | छैन |

## ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

गाउँपालिकाले प्रचलित कानून वमोजिम आन्तरिक स्रोततर्फ संकलन गर्ने राजस्वमध्ये यस गाउँपालिकाले हाल उठाइरहेका विद्यमान तथा संभावित नयाँ आय क्षेत्रहरुको संभावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ ।

### ३.३.१ कर राजस्व र गैर कर राजस्व

#### क) सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पालिकालाई आफ्नो क्षेत्रभित्र तोकिएको दरमा एकीकृत सम्पत्ति कर लगाउन सक्ने अधिकार प्रदान गरेको छ । ऐनले सबै स्थानीय सरकारलाई स्थानीय स्वायत्त शासन ऐन २०७४ केही नेपाल ऐन संसोधन गर्ने ऐन २०७५ बमोजिम दफा ५५ मा साविकमा एकीकृत सम्पत्ति कर सम्बन्धी उल्लेख भएकोमा संसोधन गरि सम्पत्ति कर लगाउने व्यवस्था गरिएको छ । सो बमोजिम कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा कर लगाउने र बाँकी जग्गामा सोही ऐनको दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउने व्यवस्था गरिएको छ । यस गाउँपालिकामा वसोवास गर्ने नागरिकहरुसँग जग्गाको स्वामित्व रहेको तर के कति संख्यामा सम्पत्ति करका करदाता हुन सक्छन् भन्ने सन्दर्भमा जग्गा जमिनको एकीकृत अभिलेख तयार भइनसकेको तथा स्वामित्व सम्बन्धी समस्या विद्यमान रहेको देखिन्छ । यदि सार्वजनिक जग्गामा निर्माण गरि बसोबास गरेको भएमा गाउँपालिकाले पहिचान गरि त्यस प्रकारका जमिनहरुमा निर्माण भएका संरचनाहरुमा सम्पत्ति करको उपयुक्त विकल्प वहाल बिटौरी शुल्क लगाउन सकिने सम्भावना रहेका छन् ।

तर चन्द्रकोट गाउँपालिकाले २०७८ साल पौष मसान्त सम्मको आयव्यको अभिलेखमा आन्तरिक आय शिर्षकमा सम्पत्ति करसँग सम्बन्धित आय उल्लेख नभएको र सो कर कार्यान्वयन गरेको पाइएन । तसर्थः आगामी तीन आर्थिक वर्षका लागि यसको संभाव्यता अध्ययन र अनुमान प्रक्षेपणका लागि तलको तालिकामा प्रस्तावित

सम्पत्ति कर अनुमान प्रक्षेपण सुझाइएको छ । प्रस्तावित सम्भावना विश्लेषणका लागि राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक परिणामको चन्द्रकोट गाउँपालिकाको कुल परिवार संख्या ५,१४८ लाई आधार लिइएको छ ।

**तालिका २: प्रस्तावित सम्पत्ति कर अनुमान प्रक्षेपण**

| करदाता संख्या प्रतिशत | अनुमानित करदाता संख्या | अनुमानित अचल सम्पत्ति मूल्यांकन | कर दर प्रतिशत (%) | औसत करभार (रु.) | अनुमानित प्रक्षेपण |
|---|---|---|---|---|---|
| ४५ | २३१७ | ५००००० | ०.१० | ५०० | ११५८३०० |
| ३५ | १८०२ | ५००००० देखि १०००००० सम्म | ०.१२ | ६०० | १०८१०८० |
| १५ | ७७२ | १०००००० भन्दा माथि | ०.१५ | ७५० | ५७९१५० |
| ५ | २५७ | भुमिहिन | ० | ० | ० |
| **जम्मा** | **५,१४८** | | | | **२,८१८,५३०** |

चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन २०७७ उल्लेख भएपनि चालु आ. व. सम्ममा पनि सम्पत्ति करको कार्यान्वयन गरेको पाईंदैन । साथै उपलब्ध कागजातहरुमा पनि चालु आ.व.को पौष मसान्त सम्मको विवरणमा पनि सम्पत्ति कर कार्यान्वयन गरेको पाईंदैन । तसर्थः तालिका २ का आधारमा यस गाउँपालिकाको कूल घरधुरीलाई सम्पत्ति करको दायरामा ल्याई अचल सम्पत्तिको मूल्यांकनका आधारमा ५५ प्रतिशत घरधुरीलाई बार्षिक रु. ५००, ३० प्रतिशतलाई बार्षिक रु. ६००, १० प्रतिशतलाई रु.७५० बार्षिक कर लगाउँदा बार्षिक रु. २८ लाख १८ हजार ५३० रुपैंया अनुमान गरिएको छ भने ५ प्रतिशत घरधुरी भुमिहिन/सुकुम्बासी रहेको अनुमान गरिएको छ । उपरोक्त अनुमानको आधारमा आ.व २०७९/८०, २०८०/८१ र २०८१/८२ मा सम्पत्ति करको दर ५ प्रतिशतले बृद्धि हुने अनुमान समेत गरिएको छ । गाउँपालिकाले सवै घरधुरीहरुलाई सम्पत्तिकरको दायरामा ल्याइ नसकेकाले र सबैलाई एकैचोटी दायरामा ल्याउन सम्भव नहुने हुनाले आगामी आ.व २०७९/८० सम्ममा कुल घरधुरीको २५ प्रतिशत घरधुरीलाई दायरामा ल्याउँदा ७ लाख ४ हजार ६ सय बत्तिस रुपैंया राजस्व प्राप्त हुने अनुमान गरिएको छ । यो कर प्रणाली आसन्न आ.व. २०७९/८० बाट कार्यान्वयन गराउनका लागि कर दर र दायरा विश्लेषणको आधारमा लक्ष्य निर्धारण गर्दै तथ्यांक अद्यावधिकका लागि घरधुरी सर्वेक्षण वा सम्पत्तिको स्वयं घोषणा विधिको अवलम्बन, **करयोग्य सम्पत्तिको मूल्यांकन**का लागि जमिनलाई व्यवसायिक, आवासीय र अन्य वर्गमा वर्गिकरण गरी प्रचलित बजार मूल्यसँग तालमेल मिलाउँदै व्यवस्थापकीय क्षमता निर्माण गर्नु अति आवश्यक छ ।

## ख) मालपोत (भुमिकर)

यस चन्द्रकोट गाउँपालिकाले आर्थिक ऐन २०७७ मा मालपोत वा भूमिकर (प्रति रोपनी) को प्रावधान राखी कार्यान्वयन गरेपनि साथै आ.व. ०७६।७७, ०७७।७८ तथा चालु आ.व. ०७८।७९ सम्ममा पनि कार्यान्वयन गरेको पाइएको छैन अथवा आन्तरिक आय (यथार्थ चालु आ.व. पौष मसान्तसम्म रु. १२,७२,११९) मा एकमुष्ट समावेश गरेकाले करगत हिसावले हेर्न सकिएको छैन । यसरी २०७८ साल पौष मसान्त सम्मको अभिलेख हेर्दा आन्तरिक आय शिर्षकमा मालपोत वा भूमिकर (प्रति रोपनी) कर शिर्षक छुट्याउन नसकिएको हुँदा औचित्यपूर्ण अनुमानका आधारमा आ.व.२०७९।०८०का रु.२५०,०००, आ.व.२०८०।०८१ का लागि रु.३५०,००० तथा आ.व.२०८१।०८२ का लागि रु. ५००,००० मात्र अनुमान प्रस्ताव गरिएको छ । यसरी मालपोत वा भूमिकर (प्रति रोपनी) को कार्यान्वयनलाई निरन्तरता दिनका लागि करको दरमा वार्षिक ३ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान गरिएको छ । यसमा आगामी आ.व.२०७९।०८०मा ४०प्रतिशतलाई करको दायरामा ल्याउँदा रु. १००,००० आय अनुमान गरिएको छ ।

यसबाट गाउँपालिकाले सबै करदाताहरुलाई करको औचित्य पुष्टि गर्दै करको दायरामा ल्याउन प्रयास गरिरहेको देखिन्छ वा ल्याउन बाँकी रहेको देखिन्छ । जसका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५६ आर्थिक ऐन २०७५ को संसोधन मार्फत गरिएको व्यवस्था अनुसार गाउँपालिकाले मालपोत वा भूमिकर कार्यान्वयनका गर्न मालपोत कार्यालयसँग समन्वय गरी गाउँपालिका भित्रका जग्गाधनी र जग्गाको तथ्यांक अभिलेखीकरण गर्ने, साविकको दरमा मुख्य बजार क्षेत्र तथा सडक पहुँच पुगेको स्थानको जग्गा लगायत जग्गाको **क्षेत्रफलको मूल्याङ्कनको मालपोत दर** निर्धारण गर्ने तथा मालपोतको दर परिमार्जन गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने रहेका छन् ।

## ग) घर वहाल कर

यस गाउँपालिका भित्रका कुनै व्यक्तिले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा पुरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लिइने कर घर जग्गा बहाल कर हो जसको परिचालनका लागि गाउँपालिकाको आर्थिक ऐन २०७८ मा समेत प्रावधान गरिएको छ । यो कर स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र रहेको र यो कर सम्बन्धी सम्पुर्ण अधिकार गाउँपालिकामा नै निहित रहने साथै घर बहाल रकमको १० प्रतिशतको दर तोकेको देखिन्छ ।

चालु आर्थिक वर्षमा घरजग्गा वहाल कर कार्यान्वयन भएको, आर्थिक ऐनमा व्यवस्था पनि भएको तर आन्तरिक आय शिर्षकमा एकमुष्ट प्रविष्टि भएकाले यस शिर्षकमा कति आय भएको भन्ने यकिन छुट्याउन सकिएको पाईदैन । यसका लागि हाल गाउँपालिकाले अवलम्वन गरेको भन्दा प्रभावकारी हुनेगरि प्रस्ताव गर्दा आवाशिय वहाल र व्यावसायिक वहालबाट भनेर प्रष्ट पार्नुपर्ने हुन्छ । साथै चालु आ.व.मा घरवहाल कर आयको विवरण एकमुष्ट आन्तरिक श्रोत शिर्षकमा समावेश गरिएको र विश्लेषण गर्न अप्ठेरो महसुस गरिएको छ ।

### ग.१ आवासिय वहाल

यस गाउँपालिकाको घर वहाल कर कार्यान्वयनलाई प्रभावकारी बनाउन गाउँपालिका भरिमा ६० परिवार घरभाडामा बसेको औचित्यपूर्ण अनुमान गरिएको छ । आगामी आ.व.हरु क्रमशः ०७९।८०, ०८०।०८१ तथा ०८१।०८२ का लागि तालिका ३ अनुसार रु.२५९,५०० आवासिय क्षेत्रबाट आय अनुमान गरिएको छ । यस अनुमानलाई अझ औचित्यपुर्ण बनाउन आगामी आ.व. ०७९।८० मा कुल करदातामध्ये ५०% लाई दायरामा ल्याउनसकियो भने उक्त आ.व.को घर वहाल कर आय रु. १२९,७५० हुने अनुमान गरिएको छ । जसमा विद्यमान करको दरलाई परिवर्तन गरि आवासिय तर्फ बार्षिक भाडा रकम अनुसार ३ देखि ८ प्रतिशत सम्म करको दर कायम गरिएको छ । र आवासिय तर्फ करको दर प्रत्येक वर्ष ३ प्रतिशतले वृद्धि हुँदै जाने अनुमान गरिएको छ ।

**तालिका ३: आवासिय भाडा दरको प्रक्षेपण**

| क्र.सं. | आवासिय भाडा दर (रु.) बार्षिक | अनुमानित संख्या | दर रेट | कर भार (रु.) | अनुमानित आय (रु.) |
|---|---|---|---|---|---|
| १ | ३०००० | २० | ०.०३ | ९०० | १८००० |
| २ | ६०००० | १५ | ०.०४ | २४०० | ३६००० |
| ३ | ९०००० | १० | ०.०५ | ४५०० | ४५००० |
| ४ | १२०००० | ५ | ०.०६ | ७२०० | ३६००० |
| ५ | १५०००० | ५ | ०.०७ | १०५०० | ५२५०० |
| ६ | १८०००० | ५ | ०.०८ | १४४०० | ७२००० |
| | **जम्मा** | ६० | | | **२५९५००** |

स्रोत चन्द्रकोट गाउँपालिका, २०७८

### ग.२) व्यवसायिक वहाल

यस गाउँपालिका भित्र व्यवसायिक भाडावालाहरुको एकीन तथ्यांक उपलब्ध नभएकाले चालु आ.व. मा औचित्यपूर्ण अनुमानका आधारमा ७० वटा व्यवसाय रहेको र यसबाट तालिका ४ अनुसार ५४ हजार राजस्व १ सय पचास प्रक्षेपण गरिएको छ भने उक्त राजस्व ५ प्रतिशतका दरले बढ्दै जाने अनुमान गरिएको छ । यसलाई पनि दायरा बढाउँदै सबै व्यवसायीलाई कर लगाउनका लागि आ.व. ०७९।८० मा ४० प्रतिशत व्यवसायीहरु पहिचान गर्न सकियो भने कुल प्रक्षेपणको रु. २१,६६० आय अनुमान गरिएको छ । र आ.व. ०८०।८१ र ०८१।८२ मा व्यावसायिक भाडादरको सम्बन्धमा ५ देखि १० प्रतिशत सम्म करको दर प्रस्ताव गरिएको छ ।

यसरी घर वहाल करलाई प्रभावकारी वनाउन चन्द्रकोट गाउँपालिकाले राजस्व परामर्श समितिको अनुगमन भ्रमण बढाउने, कर तिरे वापत हुने फाइदाका सम्बन्धमा जानकारी गराउने, समयमै कर बुझाउनेलाई पुरस्कारको घोषणा गर्ने, करका विषयमा आम संचारका माध्यम प्रयोग गरि करदाताहरुको सचेतना अभिबृद्धि गर्ने, स्थलगत सर्वेक्षण गरी भाडामा रहेका संरचनाको विवरण संकलन गरी लगत तयार/अद्यावधिक गर्ने तथा घर जग्गा बहाल कर सम्बन्धी कार्यविधि निर्माण गरी लागु गर्नुका साथै घरवहाल नतिर्ने घरधनीका प्रवृत्तिलाई दुरुत्साहित गर्ने नीतिलिन आवश्यक देखिन्छ ।

**तालिका ४: व्यावसायिक भाडा दरको प्रक्षेपण**

| क्र.सं. | व्यवसायको भाडा दर (रु.) बार्षिक | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | २० हजार देखि १ लाख सम्म (४० प्रतिशत) | २८ | ३०० | ८४०० |
| २ | १ लाख देखि ३ लाख सम्म (२५ प्रतिशत) | १८ | ५०० | ८७५० |
| ३ | ३ लाख देखि ५ लाख सम्म (२० प्रतिशत) | १४ | १००० | १४००० |
| ४ | ५ लाख देखि १० लाख (१० प्रतिशत) | ७ | २००० | १४००० |
| ५ | १० देखि ५० लाख सम्म (५ प्रतिशत) | ३ | ३००० | ९००० |
| | **जम्मा** | ७० | | **५४,१५०** |

स्रोत चन्द्रकोट गाउँपालिका, २०७८

### घ) व्यवसाय कर

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका व्यवसायहरुलाई वर्गीकरण गरी व्यवसाय कर लगाउन सक्दछ । व्यवसाय करको दर गाउँसभाले स्वीकृत गरेको आर्थिक ऐनद्वारा निर्धारण गरिएको हुन्छ । यस गाउँपालिकाको आर्थिक ऐन २०७७ मा PAN र VAT, वैंकवित्तिय संस्थाहरु तथा अन्य प्रकृति र आकार अनुसारका व्यवसायहरुको व्यवसाय करको बारेमा ऐनको अनुसुची ४ मा उल्लेख गरेको छ । साथै चालु आ.व. ०७८।७९ मा यो कर कार्यान्वयन भएपनि व्यवसाय करसँग सम्बन्धित आयको खण्डीकृत विवरण पाइएको छैन । यस गाउँपालिकामा व्यवसाय सम्बन्धी तथ्यांक नभएता पनि अध्ययनको क्रममा गरिएको अन्तरक्रिया तथा औचित्यपूर्ण अनुमानको आधारमा करिव ६० को हाराहारीमा साना ठूला पसल तथा व्यवसायहरु संचालन भएको बुझिएको छ । यस गाउँपालिकाको आ.व. ०७६।७७ को आर्थिक ऐन अनुसार पसल व्यवसायको आकार र प्रकृति अनुसार उच्चतम रु. २५,००० देखि न्यूनतम रु. २०० सम्म व्यवसाय कर लिने व्यवस्था गरिएको छ । यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन गाउँपालिका भित्र हुने व्यवसायलाई कारोवारका आधारमा वर्गीकरण गरी तालिका ५ वमोजिम करको दर कायम गर्न सकिने देखिन्छ । तर यहाँपनि आयव्ययको विवरणमा व्यवसाय कर (एकमुष्ट राखिएको हुन सक्छ) देखिएको छ ।

**तालिका ५: व्यवसाय कर तथा अनुमानित आय**

| क्र.सं. | व्यवसायको विवरण | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | २० हजार देखि १ लाख सम्म (४० प्रतिशत) | ४५ | ३०० | १३५०० |
| २ | १ लाख देखि ३ लाख सम्म (२५ प्रतिशत) | ३५ | ५०० | १७५०० |
| ३ | ३ लाख देखि ५ लाख सम्म (२० प्रतिशत) | २० | १००० | २०००० |
| ४ | ५ लाख देखि १० लाख (१० प्रतिशत) | १५ | २००० | ३०००० |
| ५ | १० देखि ५० लाख सम्म (५ प्रतिशत) | ५ | ३००० | १५००० |
| | **जम्मा** | ६० | | ९६००० |

स्रोत: चन्द्रकोट गाउँपालिका, २०७८

उपरोक्त तालिकालाई आधार मानेर आगामी आ.व.०७९।८० मा अनुमानित ४० प्रतिशत मात्रै व्यवसायीहरु करको दायरामा आउँदा पनि रु.३८,४०० व्यवसाय कर वापतको आय बन्न सक्छ । भने दोश्रो आ.व. ०८०।८१ मा ७५ प्रतिशत व्यवसायीहरु करको दायरामा आउँदा रु. ७२,००० र तेश्रो आ.व. ०८१।८२ मा सबै व्यवसायी करको दायरामा आउँदा रु.९६००० आय बन्न सक्छ । यसर्थ: आगामि आ.व.०७९।८०, ०८०।८१ र ०८१।०८२ हरुमा वर्षहरुमा ५ प्रतिशतले राजस्व बृद्धि हुने अनुमान गरिएको छ ।

- व्यवसाय कर कार्यान्वयनलाई थप वैज्ञानिक र प्रभावकारी वनाउन निम्न कुराहरुमा सुधार गर्नुपर्ने देखिन्छ ।
- व्यवसाय कर सम्वन्धी आवश्यक सूचनासहितको व्यवसायहरुको यथार्थ विवरण संकलन तथा लगत अध्यावधिक गर्ने ।
- व्यवसाय कर दरमा समय सापेक्ष समिक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागु गर्ने ।
- व्यवसाय कर संकलनका सम्बन्धमा उद्योग वाणिज्य संघसँग समन्वय गर्ने ।
- कर तिर्ने व्यवसायीको “व्यवसायी संकेत नं.” कायम गर्ने ।
- एकै प्रकृतिको व्यवसायलाई लगानी तथा कारोबारको आधारमा ठूला,मझौला र साना (क ख ग घ) वर्गमा वर्गीकरण गरी करको दर निर्धारण र परिमार्जन गर्ने ।

### ङ) जडिबुटी, कवाडी र जिवजन्तु कर

यस गाउँपालिकाले यस शिर्षक अन्तर्गत कवाडी कर उठाउने प्रावधान कार्यान्वयन गरिरहेको छ । चालु आ.व.मा यस गाउँपालिकाले शिलबन्दी प्रकृया मार्फत कवाडी व्यवसायीहरुमध्येबाट सेवा प्रदायक छनौट गरि रु. १५०,००० मा वार्षिक रुपमा कवाडी संकलनको काम अगाडि बढाई रहेको छ । यसलाई अझै प्रभावकारी बनाउनका लागि कवाडी बस्तुको वर्गीकरण गरि ईच्छुक सेवा प्रदायकहरुलाई छनौट गरि कवाडी कर संकलनको दायरा बढाउन सकिन्छ ।

### च) वहाल विटौरी कर

चन्द्रकोट गाउँपालिकाले वहाल विटौरी करका लागि कुनै व्यवस्था गरेको पाइएन । साथै गाउँपालिकाको जग्गा कति छ? साथै कति जग्गा सार्वजनिक उपभोगमा गएको भए त्यसको अभिलेख छ? त्यस्ता जग्गालाई नीजि क्षेत्र, सहकारी, अन्तरपालिका वा जनतासँगको सहकार्यमा उच्चतम प्रतिफल आउने गरि प्रयोग गर्न सकिने अवस्था कस्तो छ भन्ने कुराको एकिन तथ्यांक, योजना तथा तयारी रहेको पाईदैन ।

यसका लागि गाउँपालिका तत्परताका साथ वहाल विटौरी कर मार्फत राजस्व बढाउनका लागि लेखाजोखा गरि आवश्यक कार्यविधि निर्माण गर्नुपर्ने देखिन्छ । जसमा आगामी आ.व. ०७९।८० हरुका लागि रु.३००,००० प्रक्षेपण गरिएको छ । यसका लागि करको दायरा बढाउने कामलाई सँगै कार्यान्वयन गर्दै वहाल विटौरी करको हालको दरलाई कायम राखी आ.व.०७९।८०, ०८०।८१ र ०८१।८२ मा ३ प्रतिशतले वृद्धि हुदै जाने अनुमान गरिएको छ । यसलाई आगामी आ.व.मा २५ प्रतिशत अनुमानित आयको रुपमा प्रक्षेपण गरिएको छ ।

### छ) अन्य राजस्वहरु

यस शिर्षक अन्तर्गत ढुंगा, गिट्टी, बालुवा विक्री तथा निकासी शुल्क, व्यक्तिगत घटना दर्ता शुल्क, फोहोरमैला व्यवस्थापन शुल्क तथा दर्ता, वडा मार्फत गरिने सिफारिसका साथै अनुमति तथा नवीकरण दस्तुरहरु उठाउने गरेको पाईन्छ । यस किसिमका शिर्षक अन्तर्गत भएको आय विवरण खण्डीकृत रुपमा राख्नु पर्ने देखिन्छ ।

## ३.३.२ गैरकर राजस्व

### क) सेवा शुल्क तथा दस्तुरहरु

गाउँपालिकाले सेवाग्राहीहरुलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुरुप गाउँ सभाले विभिन्न सेवाहरुको शुल्कको दर निर्धारण गरी गरिरहेको छ । गाउँपालिकाको आर्थिक ऐन २०७७ मा पनि सेवा शुल्क दस्तुरहरु शिर्षकमा उच्चतम रु. ५०,००० देखि न्युनतम रु. १ सम्म लिने व्यवस्था गरिएको छ । जसमा गाउँपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरु गरे वापत लिईने अन्य सेवा शुल्कहरु पर्दछन्, जुन गाउँपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो ।

यस अन्तर्गत गाउँपालिकाले **सेवा शुल्कहरु**को दररेट गाउँ सभाबाट निर्धारण गर्नुका साथै विभिन्न शिर्षकहरुमा रकम समेत संकलन गरिरहेको छ । यसै सन्दर्भमा गाउँपालिकाबाट यस्ता किसिमका सेवा शुल्क तथा दस्तुरहरुको विवरण खण्डीकृत रुपमा पाउन सकिएको छैन । यस शिर्षकलाई पनि एकमुष्ट आन्तरिक आयमा समावेश गरिएको हुन सक्छ अथवा खण्डीकृत रुपमा आयको विवरण राखिएको छैन ।

- यस शिर्षकको आय विवरण खण्डीकृत रुपमा राख्ने तथा प्रकाशन गर्ने ।
- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै रेकर्ड राख्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शिर्षकसहितको विवरण तयार गर्ने ।
- त्यसै गरी गाउँपालिकाबाट गरिने सिफारिसलाई "एक पटक दिने र वारम्बार दिने" गरी दुई भागमा वर्गिकरण गरी त्यसै अनुरुप दर कायम गर्दा उपयुक्त देखिन्छ ।

## ख) घरनक्सा पास दस्तुर

**तालिका ६: घरनक्सा पास तथा अभिलेखीकरण दस्तुर**

| राजस्वको शिर्षक | औसत करको दर | अनुमानित करदाता संख्या | करदाता प्रतिशत | अनुमानित राजस्व |
|---|---|---|---|---|
| घर नक्शापास | २५०० | ७०० | ९.५२ | १,७५०,००० |
| अभिलेखिकरण | १५०० | ४४४८ | १.४२ | ६,६७२,००० |
| **जम्मा** | | **५,१४८** | | **६,८४७,०००** |

स्रोत चन्द्रकोट गाउँपालिका, २०७८

चन्द्रकोट गाउंपालिकाले नक्सा पास वापत कुनै दस्तुर लिने गरेको पाईएन । वार्षिक घर बन्नेक्रमको अनुमान, हाल अभिलेखीकरणको स्थिति तथा वार्षिक अभिलेखीकरणको दर बृद्धि गर्ने सम्बन्धी योजना गाउँपालिकासँग रहेको पाईएन । तसर्थः गाउँपालिकाभित्र निर्माण हुने कुनै पनि भौतिक संरचना नक्सा पास पश्चातमात्र निर्माण गर्नु पर्ने र पुराना भवन संरचनाहरुलाई नियमित गर्ने नीति कडाइका साथ पालना गर्नु पर्ने, घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने, घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जानुपर्ने देखिन्छ ।

यसका लागि तालिका ६ बमोजिमको घरनक्सा पास दस्तुर सम्बन्धी अनुमानित आयको ढाँचाअनुसार आगामी आ.व. ०७९।८० मा घरनक्शा पासमा क्रमशः रु. १,७५०,००० तथा अभिलेखीकरणमा रु. ६,६७२,००० गरि जम्मा रु. ६,८४७,००० आय हुने देखिन्छ । साथै अन्य दुई आ.व.हरु ०८०।८१ तथा ०८१।८२ मा यस दस्तुरको दर ३ प्रतिशतका दरले बढ्दै जाने अनुमान गरिएको छ। यदि गाउँपालिकाले आगामी तीन आ.व.हरुमा कुल घरधुरीको ३५ प्रतिशत मात्र घरधुरीलाई दायरामा ल्याउने हो भने रु. २,३९६,४५० घरनक्शा पास तथा अभिलेखीकरण वापत आय हुने देखिन्छ ।

# परिच्छेद चार-आय संकलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानूनको अधिनमा रहि आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि गाउँपालिका उपाध्यक्ष श्री राधिका अर्यालको संयोजकत्वमा देहाय वमोजिमको ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

**तालिका ७: राजस्व परामर्श समिति**

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | राधिका अर्याल (उपाध्यक्ष) | संयोजक |
| २ | ईन्द्र बहादुर क्षेत्री (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य |
| ३ | मीना गलामी (कार्यपालिका सदस्य) | सदस्य |
| ४ | लक्ष्मी राना (कार्यपालिका सदस्य) | सदस्य |
| ५ | जीवनमान श्रेष्ठ (उ.वा.संघ, शान्तिपुर) | सदस्य |
| ६ | डिल्लीमान अर्याल (गुल्मी चेम्बर अफ कमर्स) | सदस्य |
| ७ | शुक्रराज पौडेल, आन्तरिक लेखा परिक्षक | सदस्य सचिव |

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दरहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँसभा समक्ष पेस गरी गाउँपालिकाको संवैधानिक व्यवस्थाको आधारमा गाउँपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दर प्रस्ताव गरि गाउँसभाले सो दर स्वीकृत गरेको छ । आयका शिर्षकगत दायरा तथा उक्त दायराका दरहरू राखी गाउँसभा मार्फत आर्थिक ऐन पारित गरिएको हो । गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा राजस्व सम्बन्धमा लिइएका नीति देहायअनुसार रहेका छन्:

- राजस्व परिचालनको दायरा बढाई आन्तरिक आम्दानी वृद्धि गर्ने प्रयास गरिएको छ ।
- स्थानीय तह अन्तिगत आर्थिक प्रशासनमा सन्चालित सफ्टवेयर सुत्र प्रणालिबाटै बजेटिङ्ग तथा लेखाङ्कन गरी व्यवस्थित गरिनेछ ।
- वित्तीय प्रतिवेदन तथा लेखांकनलाई नेपाल सरकारले तोकिएको ढाँचामा राखी थप व्यवस्थित गरिनेछ ।
- बक्यौता, बेरुजु एवं पेश्कि फछ्यौट गर्ने कार्यलाई प्रभावकारीरुपमा संचालन गरि असुल उपर गर्नु पर्ने रकम कडाईका साथ असुल उपर गर्ने नितिलाई थप प्रभावकारी बनाइने छ।
- आर्थिक कियाकलापलाई चुस्त दुरुस्त तथा सबैको पहुँच सुनिश्चित गर्नका लागि विद्युतीय प्रणालिलाई अवलम्बन गरी थप प्रभावकारी बनाईनेछ ।
- गाउँ स्तरीय राजस्व परार्मश समिति तथा राजस्व प्रक्षेपण सम्बन्धि सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेखित सुझाव एवं सिफारिसलाई गाउँपालिकाको राजस्वनीतिको आधारको रुपमा अवलम्बन गरिनेछ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

गाउँपालिकासँग विगत आर्थिक वर्षहरूको तथ्याङ्कको शीर्षकगत आयसम्बन्धी खण्डीकृत अभिलेख रहेको देखिँदैन । हालसम्म आन्तरिक आयको अनुमान गर्दा समेत शीर्षकगत रुपमा नगरेर एकमुष्ठ गर्ने गरेको पाइन्छ । यसले गर्दा गाउँपालिकाको समग्र राजस्व प्रक्षेपण प्रकृया प्रभावकारी बनाउन कठिनाइ रहेको छ । गाउँपालिकाकाबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाले विगत आ.व.२०७६/०७७ र २०७७/०७८ मा संकलन गरेको यथार्थ आय तथा चालु आ.व. २०७८/०७९ का लागि गरिएको अनुमान सम्बन्धी आय विवरण देहाय अनुसार रहेको छः

**तालिका ८: गाउँपालिकाको राजस्व संरचना**

| आय शिर्षक | २०७६/०७७ को यथार्थ आय | २०७७/०७८ को यथार्थ आय | २०७८/०७९ अनुमानित आय |
|---|---|---|---|
| **क. आन्तरिक आय** | | | |
| आन्तरिक आय | ८०६१४१८ | १२२०८२२९ | ८८00000 |
| **ख. राजस्व बाँडफाँड** | **५२०५१५७१** | **६६४९२००** | **३१२४३७३२** |
| संघीय राजस्व बाँडफाँड | ४६८२३२१७ | ५८८५९००० | २७५६९४४५ |
| प्रदेश राजस्व बाँडफाँड | ५२२८३५४ | ७६३३००० | ३६७४२८७ |
| **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | | | |
| **संघीय सरकार** | **३३११२५०००** | **३३८३५१०००** | **९२८१८०००** |
| संघीय समानिकरण अनुदान | ९०६००००० | ९२७००००० | २४८५०००० |
| संघीय सर्शत अनुदान | ११७८९५००० | २३३६५१००० | ६७९६८००० |
| संघीय विशेष अनुदान | ० | १२०००००० | ० |
| संघीय समपुरक अनुदान | ० | ० | ० |
| **प्रदेश सरकार** | **४४२२३२५०** | **४६०३९८०००** | **९५०८०००** |
| प्रदेश समानिकरण अनुदान | ४१२४००० | ५०२८००० | २३२२००० |
| प्रदेश सर्शत अनुदान | १२३४०००० | १८८५००००० | २१३६००० |
| प्रदेश विशेष अनुदान | १४८५१००० | १२००००००० | १५००००० |
| प्रदेश समपुरक अनुदान | १४२००१००० | १४६८७०००० | ३५५०००० |
| **जम्मा** | **४३६०३६८६२** | **८७७४४१** | **१३४८४१८५१** |

स्रोतः चन्द्रकोट गाउँपालिका, २०७८

माथिको तालिकाबाट यस गाउँपालिकाको आय संरचना हेर्दा माथि उल्लेख गरिएअनुसार आन्तरिक आयको हिस्सा निकै कमजोर देखिन्छ र गाउँपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघ तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान र कार्यक्रम वापतका रकम नै रहेको देखिन्छ ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

यस गाउँपालिकाबाट आन्तरिक आयको रुपमा भुमिकर (मालपोत), घरवहाल कर, व्यवसाय कर, अन्य कर तथा शुल्क/दस्तुर/रोयल्टी बाट मात्रै संकलन गर्ने गरिएको पाइएको छ । तसर्थः यस गाउँपालिकाको हाल विद्यमान आय संकलनको संस्थागत व्यवस्था तथा क्षमतालाई समेत मध्यनगर गरि स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा समीक्षा/विश्लेषण गर्दा हाल गाउँपालिकाको आन्तरिक आय परिचालन देहायअनुसार रहेको पाइएको छ ।

- स्थानीय राजस्व परामर्श समिति राजस्व परिचालनका लागि क्रियाशिल रहेको छ ।
- राजस्व सम्बन्धी कामकाजका लागि प्रशासनिक रुपमा लेखा शाखाले काम गरिरहेको छ ।
- राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी र भौतिक सुविधा पर्याप्त रहेको पाइएको छैन ।
- राजस्व संकलन कार्यका लागि गाउँपालिका तथा वडा कार्यालयहरुमा कम्प्युटर तथा सफ्फ्टवेयर जडान गरिएको छ ।
- राजस्व संकलनमा वडास्तरमा कम्प्युटर विलिङ्ग प्रयोग भइरहेको छ ।
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको छ ।
- वडा कार्यालयहरूले संकलन भएको रकम साप्ताहिक रुपमा एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा बुझाउने गरेको छ ।
- आर्थिक ऐन र यथार्थ संकलन बीचको तालमेल कमजोर रहेको छ ।
- राजस्व वजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा भएको पाइएको छैन ।
- राजस्व परिचालन सम्बन्धी छुट्टै नीति बनेको पाइएको छैन ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन भएको पाइएको छैन ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरु

गाउँपालिकाको आय परिचालनमा सुधारका लागि उल्लेख्य काम गर्नुपर्ने खाँचो देखिएको छ । यहाँ रहेका समस्या तथा सवालहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

क) यस गाउँपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । यस्तै, संसोधित व्यवस्था अनुसार सवैजग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ ।

ख) यस गाउँपालिकामा कर संकलन सामर्थ्यको अभिवृद्धि संविधान/कानूनद्वारा अख्तियारप्राप्त तथा गाउँपालिकाकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रुपमा रहेका सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल करजस्ता करहरू प्रभावकारी कार्यान्वयनमा आउन सकेका छैन । कर संकलनका सबै सम्भाव्य क्षेत्रहरूलाई यस अध्ययन क्रममा कृयाकलाप पहिचान गरिएअनुरुप तिनीहरुको व्यवहारिक कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ ।

ग) यस गाउँपालिकामा कार्यविधि तर्जुमा आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय संकलन गर्ने कार्यविधि तयार गरी गाउँपालिकाले वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था र अनुगमन जस्ता विषयवस्तु पर्दछन् ।

घ) यस गाउँपालिकामा तथ्याङ्कमा आधारित अभिलेख आन्तरिक आयमा वृद्धिका लागि आन्तरिक आयका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी हुन्छ । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

ङ) यस गाउँपालिकाको समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिका र आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

च) यस गाउँपालिकामा प्रचलित कानूनले अधिकार दिएका क्षेत्रहरूमा कर संकलन गरेको पाइएको छैन यसले गर्दा गाउँपालिकाको कर संकलन सामर्थ्य कमजोर देखिन सक्ने हुनाले सबै सम्भाव्य क्षेत्रहरूमा न्यूनतम दर र करका प्रगतिशील सिद्धान्तलाई ध्यानमा राखी कर कार्यान्वयन गर्नुपर्दछ ।

छ) यस गाउँपालिकाको राजश्व परामर्श समिति लगायत कार्यपालिकाले पारदर्शिता र जवाफदेहिता सहितको आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु, आय व्ययको विवरण खण्डीकृत रुपमा आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन्। विशेषगरी वेवसाईटमा सवै जानकारी तथा सूचना नियमित अद्यावधिक गर्नु पारदर्शिताको राम्रो नमूना बन्न सक्छ ।

# परिच्छेद पाँच-राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्ने आधारमा गाउँपालिकाको आगामी तीन आर्थिक वर्षहरुका लागि गरिएको राजस्व प्रक्षेपणको विवरण पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.१ राजस्व सुधार कार्ययोजना

यस अध्ययनबाट देखिएका राजस्वका संभावनाहरुलाई कार्यान्वयन गरी गाउँपालिकाको राजस्वमा सुधार ल्याउनको लागि देहाय वमोजिमका सुधार कृयाकलापहरु संचालन गर्न प्रस्ताव गरिएको छ ।

**तालिका ९: राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| कर तथा गैह्न कर राजस्व | | | |
| सम्पत्ति कर | सम्पत्ति कर सम्बन्धी नीति तथा कार्यविधि तयार गर्ने<br>करको दररेटलाई सुक्ष्म अध्ययन गरी व्यवस्थित र वैज्ञानिक बनाउने ।<br>वडा कार्यालयबाट समेत कर लिन सक्ने अवधारणा अनुसार नेटवर्किङमा आधारित वेभवेस्ड सफ्टवेयर तयार गरी कर्मचारीलाई तालिम दिने ।<br>नया वडाहरुमा थप जनचेतना कार्यक्रम संचालन गर्ने<br>सम्पत्तिको यथार्थ विवरण संकलन नियमित अद्मावधिक गर्ने<br>सम्पत्तिको मूल्याङकनको आधारमा कर को दर निर्धारण गर्ने | २०७९/८० असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री, राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी,<br>गाउँ सभा |
| व्यवसाय रजिष्ट्रेसन तथा नविकरण दस्तुर कर तथा व्यवसाय कर | उद्योग वाणिज्य संघसँग समन्वय गरी व्यवसायीहरुको वर्गीकरण गर्दै व्यवसायको प्रकृति हेरी करको दायरामा ल्याउने<br>गाउँभित्र रहेका व्यवसायीहरुको तथ्यांक लिने र अद्मावधिक गर्ने(फिल्ड अनुगमन गरी)<br>व्यवसायीहरुलाई कर सम्वन्धी १ दिने अभिमुखीकरण आयोजना गर्ने<br>दर्ता नभएका व्यवसायीलाई गाउँपालिकामा मा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने<br>निर्धारित समयभन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने<br>कर छुट तथा सहुलियतको व्यवस्था गर्ने<br>अनलाईन भुक्तानिको व्यवस्था मिलाउने | आ.व. २०७८/७९ श्रावण मसान्त भित्र | प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री, राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, राजस्व उपशाखा प्रमुख बसन्त रिजाल |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | वडा वडामा कर शिविर संचालन गर्ने । रजिष्ट्रेशन गर्नुपर्ने संघसंस्थाहरुको विवरण संकलन गर्न वडा वडामा शिविर संचालन गर्ने र त्यहि शिविरमा व्यवसाय रजिष्ट्रेसन गरि प्रमाण पत्र दिने प्रकृति अनुसार वर्गिकरण कर दर्ता तथा नविकरण दस्तुर निर्धारण गर्ने । | | |
| घर वहाल कर | घरधुरी संकलन तथा नम्वरीङ गर्ने घर भाडामा लगाएका घरहरु पहिचान गरी सूचिकृत गरी करको दायरामा ल्याउने । घर तथा जग्गाको न्यूनतम वहाल दर निर्धारण गर्ने । | आ.व. २०७९/८० कार्तिक मसान्त भित्र | राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, राजस्व उपशाखा प्रमुख बसन्त रिजाल |
| वहाल विटौरी शुल्क | सरकारी जग्गाहरु, सरकारी जग्गामा बनेका संरचनाको अभिलेख तयार गरी वार्षिक ठेक्का लगाउने । लालपुर्जा तथा आवश्यक कागजात नभएको जग्गामा निर्माण भएको संरचनाको विवरण संकलन गर्ने । | आ.व. २०७९/८० फाल्गुण मसान्त भित्र | राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, कार्यपालिका |
| अचल सम्पत्ति मूल्यांकन शुल्क | सम्पत्ति कर र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकत्रित गर्ने । मूल्यांकन शुल्क दर पुनरावलोकन गर्ने (वैदेशीक र वैंकिङ प्रयोजन को रुपमा वर्गिकरण) । | आ.व. २०७९/८० असोज मसान्त सम्म | राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, राजस्व उपशाखा प्रमुख बसन्त रिजाल |
| पर्यटन सेवा शुल्क | पर्यटन विकासको प्रचुर सम्भावना बोकेको धार्मिक मठमन्दिर तथा स्थलहरुको विकास तथा विस्तार गरि विकास तथा पर्यटकीय सेवाहरुको व्यवस्थापन गरि सेवा शुल्क लगाउने । स्थानिय ,राष्ट्रिय तथा अन्तराष्ट्रिय नागरिकहरुलाई फरक फरक शुल्क निर्धारण गर्ने । | आ.व. २०८०/८१ चैत्र मसान्त भित्र | राजस्व उपशाखा प्रमुख बसन्त रिजाल, प्रशासन शाखा प्रमुख शिव ज्ञवाली, कार्यपालिका |
| सामुदायिक वनहरुलाई पत्राचार तथा समन्वय गर्ने | गाउँपालिकाभित्र रहेका सामुदायिक वनहरुबाट उनीहरुको लाभको १०% स्थानीय तहहरुले लिने प्रावधान वमोजिम गर्न गराउन परिपत्र तथा समन्वय गर्ने । | आ.व. २०८०/८१ कार्तिक मसान्त भित्र | राजस्व उपशाखा प्रमुख बसन्त रिजाल, प्रशासन शाखा प्रमुख शिव ज्ञवाली, कार्यपालिका |
| मनोरञ्जन कर | विभिन्न किसिमका मनोरञ्जनका क्रियाकलापहरुको संचालन गरेवापत दर्ता नविकरण प्रवेश शुल्क को निर्धारण | आ.व. २०८१/८२ श्रावण मसान्त भित्र | राजस्व उपशाखा प्रमुख बसन्त रिजाल, प्रशासन शाखा प्रमुख शिव ज्ञवाली, कार्यपालिका |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| नक्सा पास तथा अभिलेखीकरण दस्तुर | नक्सापास प्रकृयालाई मापदण्ड बनाई कार्यान्वयन गर्ने<br>सेवामुलक संस्थाहरुलाई केहि सहुलियत प्रदान गर्ने<br>भवनको वर्गिकरण अनुसार कर को शुल्क निर्धारण गर्ने | आ.व. २०७९/८० मंसीर मसान्त भित्र | पूर्वाधार विकास शाखा प्रमुख शिव बस्नेत |
| | नियमित अनुगमन र दण्ड जरिवाना लगाउने व्यवस्था गर्ने । | आ.व. २०७९/८० श्रावण मसान्त भित्र | पूर्वाधार विकास शाखा प्रमुख शिव बस्नेत, राजस्व उपशाखा प्रमुख बसन्त रिजाल |
| पार्किङ शुल्क | पार्किङ स्थल पहिचान गर्ने ।<br>प्राथमिकताको आधारमा पार्किङ स्थलहरुको डिजाईन र निर्माण गर्ने<br>पार्किङ असुली विधि तय गर्ने साथै त्यहि अनुरुप पार्किङ शुल्क निर्धारण गर्ने | आ.व. २०८०/८१ पौष मसान्त सम्म | पूर्वाधार विकास शाखा प्रमुख शिव बस्नेत, राजस्व उपशाखा प्रमुख बसन्त रिजाल |
| अन्य कर, दस्तुर तथा सेवा शुल्क | नीति बताउने,सेवाको वर्गीकरण गर्ने ।<br>सेवा प्रदान गर्दा अनिवार्य सम्पत्ति करको विल भरपाई पेश गर्नुपर्ने व्यबस्था गर्ने ।<br>जग्गाको अव्यवस्थित खण्डिकरण रोक्ने, दण्ड जरिबाना तथा थप शुल्क लिने ।<br>कल कारखाना, होटल व्यावसाय तथा स्वास्थ्य क्लिनीकहरुबाट वातावरणमा पारेको नकारात्मक प्रभावको आधारमा मापदण्ड बनाई थप सेवा शुल्क लिने ।<br>प्राकृतिक श्रोत तथा बन जन्य बस्तुको बिक्री तथा निकासीमा करको सम्भाव्यता हेरी प्रदेश सरकारसँगको समझदारीमा संचालन गर्ने । | आ.व. २०७९/८० चैत्र मसान्त भित्र | राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, राजस्व उपशाखा प्रमुख बसन्त रिजाल |
| **ख. नयाँ क्षेत्र पहिचान तथा परिचालन** | | | |
| सार्वजनिक सम्पत्तिको अभिलेखिकरण तथा परिचालन | गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुहरुको अभिलेखिकरण गर्ने, संरक्षण तथा सम्बर्द्धन गर्ने, सो को परिचालन संभाव्यता अध्ययन गर्ने । | आ.व. २०७९/८० माघ मसान्त भित्र | प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री तथा<br>वडा कार्यालयहरु |
| गाउँपालिकाले निर्माण गरेका उद्यान, पार्कहरुको व्यवस्थापन | निर्माण, मर्मत, सुधार /नयाँ उद्यान र पार्क निर्माण गर्ने । | निरन्तर रुपमा | प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री, वडा कार्यालयहरु तथा उद्योग वाणिज्य संघ |
| सार्वजनिक जग्गाको उपयोग ( सरकारी जग्गा, | सटर निर्माण गरी व्यापारी प्रयोजनमा भाडामा दिने र फुल नर्सरी गर्ने । | आ.व. २०८०/८१ देखि आ.व. | प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री, वडा कार्यालयहरु, |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| भवन) | | २०८१/८२ सम्म | पूर्वाधार विकास शाखा प्रमुख शिव बस्नेत |
| सार्वजनिक निजी साझेदारी | हाल देखिएका सम्भावित क्षेत्रहरुः फोहर मैला व्यवस्थापन, बैकल्पिक उर्जा, बस संचालन र थप अन्य क्षेत्रहरुको विस्तृत अध्ययन गर्ने<br>निजी क्षेत्र सँग अन्तरक्रिया र खाका तयार गर्ने<br>नीति तर्जुमा तथा योजना तयारी गर्ने<br>प्रस्ताव आह्वान तथा कार्यान्वयन गर्ने | निरन्तर | अध्यक्ष युवराज खत्री क्षेत्री, प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री, उद्योग वाणिज्य संघ |
| कृषि व्यवसायीहरुको डाटा तयार गर्ने | पहिचान, संकलन, व्यवस्थापन गर्ने । | आ.व. २०७९/८० पौष मसान्त भित्र | प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री, वडा कार्यालयहरु, कृषि शाखा प्रमुख गिरिराज खत्री |
| निजी विद्यालय | करको दायरामा ल्याउन नीति निर्माण गर्ने | आ.व. २०७९/८० असार मसान्त भित्र | अध्यक्ष युवराज खत्री क्षेत्री, प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री, शिक्षा अधिकृत नयन सिंह ठकुरी |
| **ग. राजस्व प्रशासन** | | | |
| नीतिगत व्यवस्था | राजस्व सुधार कार्ययोजना लगायत राजस्व ऐनको समयानुकुल परिमार्जन तथा अन्य आवश्यक कार्यविधि तयार गरि गाउँ सभाबाट पास गर्ने ।<br>पुरस्कार र दण्डको व्यवस्था गर्ने । | आ.व. २०७९/८० वैशाख मसान्त भित्र | अध्यक्ष युवराज खत्री क्षेत्री, राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री, राजस्व उपशाखा प्रमुख बसन्त रिजाल, गाउँ सभा |
| सांगठनिक व्यवस्था | राजस्व बिज्ञको अल्पकालिन सेवा लिने<br>राजस्व शाखाको स्थापना गरी दक्ष जनशक्तिको व्यवस्थापन गर्ने,<br>क्षमता बिकास र प्रविधीको उपयोग गर्ने ।<br>राजस्व प्रशाासन शाखा तथा वडा कार्यालयका लागि आवश्यक भौतिक सुविधाहरु (कार्यस्थल, फर्निचर, कम्प्युटर, सफ्टवेयर आदी) मा बृद्धि गर्ने । | २०७९/८० असार मसान्त सम्म | राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, प्रशासन शाखा प्रमुख शिव ज्ञवाली |
| राजस्व संकलन तथा अभिलेख | राजस्व अभिलेखमा नयां वडाहरु समेतको विवरण सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>राजस्व प्रशासनमा सबै सेवाहरु सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने | आ.व. २०७८/७९ कार्तिक मसान्त भित्र | केन्द्र सरकार, राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, सूचना तथा संचार प्रविधि अधिकृत कृष्ण गौतम, वडा कार्यालयहरु र कार्यपालिका |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| सूचना तथा पारदर्शिता | सञ्चार माध्यमबाट कर तिर्ने प्रोत्साहित गर्ने सम्वन्धी सूचना सम्प्रेषण गर्ने । गाउँपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने । कर, राजस्व लगायतका सूचनाहरु खण्डीकृत रुपमा अद्यावधिक गर्दै गाउँपालिकाको वेवसाईटमा प्रकाशन गर्ने । | मासिक रुपमा | अध्यक्ष युवराज खत्री क्षेत्री, राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री, सूचना तथा संचार प्रविधि अधिकृत कृष्ण गौतम, वडा कार्यालयहरु तथा कार्यपालिका |
| प्रविधि/स्रोत साधन | छिटो छरितो रुपमा कार्य सम्पादन गर्न आधुनिक प्रविधिकको प्रयोग गर्ने। (Software, Control Mechanism, Automatic System, Internet, Record maintain and GIS System) | आ.व. ०७९/०८० को भाद्र मसान्त भित्र | अध्यक्ष युवराज खत्री क्षेत्री, राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री, सूचना तथा संचार प्रविधि अधिकृत कृष्ण गौतम,कार्यपालिका |
| जनशक्ति | उपलब्ध जनशक्तिको क्षमता बिकास<br>कर्मचारी थप गर्ने | आ.व. ०७९/०८० वैशाख मसान्त भित्र | अध्यक्ष युवराज खत्री क्षेत्री, राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री तथा शाखा प्रमुखहरु, गाउँसभा |
| जनचेतना/प्रचार प्रसार | राजस्व संकलनको लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने र सञ्चारका माध्यमबाट प्रचारप्रसार गर्ने । | निरन्तर | सूचना तथा संचार प्रविधि अधिकृत कृष्ण गौतम/शाखा प्रमुखहरु |
| पारदर्शिता | संकलन गरिएका राजस्व रकम पारदर्शी ढंगबाट आय/व्यय विवरण राख्ने व्यवस्था गर्ने<br>नियमन र अनुगमन प्रत्यक चौमासिकमा आय व्ययको सार्वजनिककरण गर्ने । | निरन्तर आ.व सुरु देखि अन्त सम्म | राजस्व उप शाखा प्रमुख बसन्त रिजाल, सूचना तथा संचार प्रविधि अधिकृत कृष्ण गौतम तथा वडा समिति |
| अनुगमन | अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने ।<br>निर्धारित दर अनुसार राजस्व संकलन भए नभएको<br>गाउँपालिकाले लिएको नीति अनुसार कार्य भए नभएको<br>कर असुली प्रकृया सरलिकृत तथा न्यायोचित भए | प्रत्येक तीन महिनामा | अध्यक्ष युवराज खत्री क्षेत्री, राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री तथा कार्यपालिका |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | नभएको | | |
| समिक्षा तथा प्रोत्साहन | प्रत्यक चौमासिक रुपमा आय ब्यायको सार्वजनिककरण गर्ने र कार्यपालिका बैठकमा समिक्षा गर्ने ।<br>प्रत्येक छ महिनामा कर्मचारी सहित समिक्षा गर्ने ।<br>बार्षिक रुपमा करदाताहरु सम्मिलित अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।<br>करदातालाई सम्मान गर्ने (बढि कर तिर्नेलाई)<br>राम्रो काम गर्ने जनप्रतिनिधी तथा कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्यांकन गरि प्रोत्साहन दिने) | निरन्तर<br>वार्षिक रुपमा (गाउँसभा गर्ने दिनमा) | अध्यक्ष युवराज खत्री क्षेत्री, राजस्व परामर्श समिति संयोजक विष्णु प्र. भण्डारी, प्रमुख प्रशासकीय अधिकृत ईन्द्र ब. क्षेत्री तथा कार्यपालिका |

# परिच्छेद छ-आगामी तिन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरुका लागि गाउँपालिकाको राजस्व प्रक्षपण गरिएको छ। जसमा गाउँपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गरिएको छ। महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ। यसले गाउँपालिकाको आय वजेट तर्जुमा गर्न सहयोग पुग्ने छ।

## ६.१ राजस्व सुधार कार्ययोजनाको आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात आगामी तीन वर्ष (आ.व. २०७९।८० देखि २०८१।८२ को लागि आय प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ। धेरैजसो शिर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरि केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ।

**तालिका १० : आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपणका आधार**

| राजस्व संकेत | राजस्व शिर्षक | कुल सम्भाव्यता (रु. हजारमा) | आय प्रक्षेपणका आधारहरू | प्रक्षेपित रकम (रु. हजारमा) |
|---|---|---|---|---|
| ११३१३ | सम्पत्ति कर | २८१८।५३ | कुल सम्भावनाको २५ प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ७०५ |
| ११३१४ | मालपोत वा भूमिकर | २५० | कुल सम्भावनाको ४० प्रतिशत र त्यसपछिका आ.व.मा ३ प्रतिशतले बढ्दै जाने | १०० |
| ११३२२ | वहाल विटौरी कर | ३०० | कुल सम्भावनाको २५ प्रतिशत र त्यसपछिका आ.व.मा ३ प्रतिशतले बढ्दै जाने | ७५ |
| ११३२१ | घरवहाल कर (व्यावसायिक) | ५४१५ | कुल सम्भावनाको ४० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | २१६६ |
| ११३२१ | घरवहाल कर (आवासिय) | २५९।५ | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा ३ प्रतिशतले बढ्दै जाने | १२९।७५ |
| ११६११ | व्यवसाय कर | ९६० | कुल सम्भावनाको ४० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ३८४ |
| १४२४२ | नक्सा पास दस्तुर | १७५० | कुल सम्भावनाको ३५ प्रतिशत र त्यसपछिका आ.व.मा ३ प्रतिशतका दरले बढ्दै जाने | ६१२।५ |
| १४२४२ | अभिलेखीकरण दस्तुर | ६६७२ | | २३३५।२ |
| | **संघीय राजस्व बाँडफाँड** | ४६८२३।२१७२ | आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमश: ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | ४९१६४।३७८१ |
| | **प्रदेश राजस्व बाँडफाँड** | ५२२८।३५४ | | ५४८९।७७१७ |

| | | | | |
|---|---|---|---|---|
| | वित्तिय हस्तान्तरण अनुदान | | | |
| | **संघीय सरकार** | २०८४९५ | | २१८९१९।७५ |
| | संघीयसमानिकरण अनुदान | ९०६००००० | आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | ९५१३०००० |
| | संघीयसर्शत अनुदान चालु | ११७८९५००० | | १२३७८९७५० |
| | संघीयविशेष अनुदान चालु | | | |
| | संघीयसमपुरक अनुदान चालु | | | |
| | **प्रदेश सरकार** | **१७३३१६** | | १८१९८१।८ |
| | प्रदेश समानिकरण अनुदान | ४१२४००० | आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | ४३३०२०० |
| | प्रदेश सर्शत अनुदान चालु | १२३४००००० | | १२९५७०००० |
| | प्रदेश बिशेष अनुदान चालु | १४८५१००० | | १५५९३५५० |
| | प्रदेश समपुरक अनुदान चालु | १४२००१००० | | १४९१०१०५० |
| | **जम्मा** | ४४६,९२६।७५ | | ४५९,९१८।०० |

उपरोक्त तालिका १० मा राजस्व सुधार कार्ययोजनाको आधारमा चालु आ.व.लाई आधार वर्ष मानी प्रक्षेपण गर्दा आन्तरिक र वाहय शिर्षकबाट रु. ४४६,९२६,७५१ कुल सम्भाव्यता देखिन्छ भने आगामी आ.व. ०७९।८०, आ.व. ०८०।८१ तथा आ.व. ०८१।०८२ सम्ममा सो आयकोस्तर रु. ४५९,९१८,००० हुने अनुमान प्रक्षेपण गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ ।

## ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी गाउँपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ ।

**तालिका ११: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण**

| राजस्व संकेत | राजस्व शिर्षक | कुल सम्भाव्यता (आधार वर्ष) | प्रक्षेपित आय (हजारमा) | | |
|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| ११३१३ | सम्पत्ति कर | २८१८।५३ | ७०५ | ७२६।१५ | ७४७।९३४५ |
| ११३१४ | मालपोत वा भूमिकर | २५० | १०० | १०३ | १०६।०९ |
| ११३२२ | वहाल विटौरी कर | ३०० | ७५ | ७७।२५ | ७९।५६७५ |
| ११३२१ | घरवहाल कर (व्यावसायिक) | ५४।१५ | २१।६६ | २२।७४३ | २३।८८०१५ |
| ११३२१ | घरवहाल कर (आवासिय) | २५९।५ | १२९।७५ | १३३।६४२५ | १३७।६५१८ |
| ११६११ | व्यवसाय कर | ९६० | ३८४ | ४०३।२ | ४१५।२९६ |
| १४२४२ | नक्सा पास दस्तुर | १७५० | ६१२।५ | ६३०।८७५ | ६४९।८०१३ |
| १४२४२ | अभिलेखीकरण दस्तुर | ६६७२ | २३३५।२ | २४०५।२५६ | २४७७।४१४ |
| | | **१३०६४।१८** | **४३६३।११** | **४५०२।११६५** | **४६३७।६३५** |
| | **राजस्व बाँडफाँड** | **५२०५११५७१** | **५४६५४।१५** | **५७३८६।८६** | **६०२५६।२** |
| | संघीय राजस्व बाँडफाँड | ४६८२३।२१७२ | ४९१६४।३८ | ५१६२२।५९७ | ५४२०३।७३ |
| | प्रदेश राजस्व बाँडफाँड | ५२२८।३५४ | ५४८९।७७२ | ५७६४।२६०३ | ६०५२।४७३ |
| | **वित्तीय हस्तान्तरण तथा अनुदान** | | | | |
| | **संघीय सरकार** | **२०८४९५** | **२१८९१९।८** | **२२९८६५।७** | **२४१३५९** |
| १३३११ | संघीय समानिकरण अनुदान | ९०६००००० | ९५१३०००० | ९९८८६५०० | १०४८८०८२५ |
| १३३१२ | संघीय सर्शत अनुदान चालु | ११७८९५००० | १२३७८९७५० | १२९९७९२३८ | १३६४७८१९९ |
| १३३१४ | संघीय विशेष अनुदान चालु | ० | ० | ० | ० |
| १३३१६ | संघीय समपुरक अनुदान चालु | ० | ० | ० | ० |
| | **प्रदेश सरकार** | **१७३३१६** | **१८१९८१।८** | १९१०८०।८९ | **१९०६४७६** |
| १३३११ | प्रदेश समानिकरण अनुदान | ४१२४००० | ४३३०२०० | ४५४६७१० | ४७७४०४५।५ |
| १३३१२ | प्रदेश सर्शत अनुदान चालु | १२३४०००० | १२९५७००० | १३६०४८५० | १४२८५०९२।५ |
| १३३१४ | प्रदेश बिशेष अनुदान चालु | १४८५१००० | १५५९३५५० | १६३७३२२८ | १७१९१८८८।९ |
| १३३१६ | प्रदेश समपुरक अनुदान चालु | १४२००१००० | १४९१०१०५० | १५६५५६१०३ | १६४३८३९०८ |
| | **जम्मा** | **४४६९२६।७५** | **४५९९१८।८** | **४८२८३५।६** | **४९६९००।५** |

उपरोक्त तालिका ११ अनुसार चालु आ.व. लाई आधार वर्ष मान्दा यस वर्षको कुल सम्भाव्यता रु.४४६९२६७५१ अनुमान गरिएको छ भने आगामी तीन आ.व. हरुलाई तुलना गर्दा आ.व. ०८०।८१ आ.व. ०७९।८० रु. २२९१६७९१ ले वृद्धि हुने अनुमान गरिएको छ भने आ.व. ०८०।८१ आ.व. ०८१।८२ सँग तुलना गर्दा रु. १४०६४८५८ ले वृद्धि हुने अनुमान गरिएको छ । यसरी माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार तथा ऐनले प्रावधान गरे वमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा उपरोक्त तालिकामा दिए अनुसार गाउँपालिकाको आय वृद्धि हुने देखिन्छ ।

## परिच्छेद सात–अपेक्षित नतिजा

राजस्व सुधार कार्ययोजनाको पुर्ण कार्यान्वयन पश्चात् गाउँपालिकाको आय संरचनालाई तालिका १२ मा प्रस्तुत गरिएको छ । आ.ब. २०७८/०७९ मा गाउँपालिकाको कुल वित्तिय स्रोत ४६ करोड हाराहारी रहेकोमा आन्तरिक स्रोतको हिस्सा लगभग ०.९१ प्रतिशत थियो । तर राजश्व सुधार कार्ययोजनाका सहभागीहरुले दिएका सुझावहरुलाई कार्यान्वयन गर्दा गाउँपालिकाको कुल वित्तिय स्रोतमा आन्तरिक आयको हिस्सा आ.व २०७९/८० मा ०.९५ प्रतिशत, आ.ब ०८०/८१ मा ०.९३ प्रतिशत र आ.ब २०८१/८२ मा ०.९४ प्रतिशत हुने अनुमान गरिएको छ ।

**तालिका १२: प्रक्षेपित आय संरचना**

**रु. हजारमा**

| क. सं. | राजस्व शिर्षक | कुल सम्भाव्यता | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | आन्तरिक आय | १३०६४।१८ | ४३६३।११ | ४५०२।११६५ | ४६३७६३४८६ |
| २ | संघीय राजस्व बाँडफाँडबाट प्राप्त आय | ४६८२३।२१७२ | ४९१६४।३७८१ | ५१६२२।५९७ | ५४२०३।७२६९ |
| ३ | प्रदेश राजस्व वाँडफाँडवाट प्राप्त आय | ५२२८।३५४ | ५४८९।७७१७ | ५७६४।२६०२९ | ६०५२।४७३३ |
| ४ | अनुदान तथा वित्तिय हस्तान्तरण | | | | |
| | संघीय सरकार | २०८४९५ | २१८९१९।७५ | २२९८६५।७४ | २४१३५९।०२ |
| | प्रदेश सरकार | १७३३१६ | १८१९८१।८ | १९१०८०।८९ | १९०६४७६ |
| | **जम्मा** | ४४६९२६।७५ | ४५९९१८।८१ | ४८२८३५।६ | ४९६९००।४६ |
| कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशतमा) | | | ०.९५% | ०.९३% | ०.९४% |

**राजश्व सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन पश्चात गाउँपालिकाले निम्न नतिजाहरु प्राप्त गर्ने छ ।**

✓ राजश्व प्रशासन प्रभावकारी भएको हुनेछ ।

✓ कर तथा गैर कर राजश्वका क्षेत्रहरुको व्यवस्थपका लागि गाउँपालिकाले आवश्कताका आधारमा कानून निर्माण गरी कार्यान्वयन गर्नेछ ।

✓ सम्पत्ति कर लगायत हाल गाउँपालिकाले अभ्यासमा नल्याएका कर तथा गैर करका क्षेत्रहरुमा गाउँपालिकाले कर अशुली थाल्नेछ ।

✓ सम्पत्ति कर तथा व्यवसाय करका करदाताहरुको दायर अभिबृद्धि भएको हुनेछ ।

:

**यसका साथै गाउँपालिकाको**

- आय संकलनको लागि आवश्यक नीति, ऐन, कार्यविधि तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन गर्नेछ ।
- समय सान्दर्भिक रुपमा गाउँपालिकाको आर्थिक ऐनमा कर तथा शुल्कका दर निर्धारण वा परिमार्जन तथा जरिवाना निर्धारण गरिएको हुने छ ।
- राजस्व परामर्श समिति तथा राजस्व शाखाको क्षमता विकासका साथै परिचालन गरिएको हुने छ ।
- यस गाउँपालिका भएर बग्ने हुग्दीखोला, बडीगाड तथा खहरेखोलाहरुबाट ढूगा, गिटी, बालुवा तथा दहत्तर बहत्तर शुल्कसँग सम्बन्धित मार्गदर्शन तथा मापदण्ड तयार भई कार्यान्वयन हुने छ ।
- यस गाउँपालिका गर्मीबाट प्रताडित मानिसहरुका लागि अल्पकालीन शितकालीन केन्द्रको रुपमा विकास गर्न सम्भाव्यता बोकेको स्थान भएकाले गाउँपालिकाले यससम्बन्धी ठोस योजना तयार गरि यहाँको आन्तरिक श्रोत बृद्धिका लागि पहलकदमी लिनेछ ।

## परिच्छेद आठ–अनुगमन तथा मूल्यांकन

स्थानीय सरकार संचालन ऐनको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिलाई आगामि ३ आर्थिक बर्षको आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । त्यसैले हरेक आर्थिक बर्षको बैशाख पहिलो हप्तासम्ममा राजस्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरुकोलागि आवश्यक आधार हुनेछ । राजस्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजस्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणकोलागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षकोलागि तय गरिएका कृयाकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यो राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनकोलागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन व्यवस्था सिफारिश गरिएको छ ।

**(क) कार्यालय स्तरको अनुगमनः** यो स्तरको अनुगमन तथा मूल्यांकनको लागि प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय तहले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**(ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः**

राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्य पूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजस्व सुधार योजनाको समिक्षा गरिन्छ ।

**(ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः**

कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरीन्छ ।

**(घ) वाह्य अनुगमन तथा मूल्यांकनः**

राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण गर्ने चाहने संघीयमामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरु आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन्। यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय तहको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसँग सम्वन्धित तथ्यांक वाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको अनुभुति संकलन पनि अनुगमनको मूख्य विधि हुनसक्नेछ ।

# अनुसूचीहरु

## अनुसूची १: सन्दर्भ सामग्री संकलन तथा अध्ययन

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४,
- चन्द्रकोट गाउँपालिका आ.व.०७८।०७९ को योजना, नीति बजेट तथा कार्यक्रम,
- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरूले निष्कासन गरेको कार्यविधि, दिग्दर्शन, ऐन कानूनका नमुनाहरूको अध्ययन
- नेपाल सरकारको वजेट वक्तव्य, २०७८।७९
- अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह), आर्थिक वर्ष २०७७/२०७८, नेपाल सरकार

## अनुसूची २: तथ्यांक/सूचना संकलनका फारम

**तथ्यांक संकलन सूची**

**पालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः**

- संक्षिप्त परिचय :
- नामांकरण
- घरधुरी तथा जनसंख्या
- क्षेत्रफल तथा वडा विभाजन
- प्रशिद्ध स्थलहरु

**मुख्य पूर्वाधारको अवस्था**

- सडक, बाटो, पुल
- बिजुली
- खानेपानी तथा सिंचाई
- सावर्जनिक भवन तथा पूर्वाधारहरु
- फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)

**आर्थिक अवस्था र भौगोलिक बनोट**

- उद्योग, व्यवसाय तथा कलकारखाना
- मुख्य व्यापारिक केन्द्रहरु
